# मोलुङ गाउँपालिका, संस्था दर्ता ऐन, २०७७

## मोलुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

प्राप्चा, ओखलढुङ्गा

१ नं. प्रदेश

# मोलुङ गाउँपालिका, संस्था दर्ता ऐन, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७/११/१६

प्रमाणीकरण मितिः २०७७/११/१७

**प्रस्तावनाः**
सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, खेलकुद, आर्थिक, व्यावसायिक तथा परोपकारी संस्थाहरूको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २६६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी जारी गरिएको छ ।

**१. नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "मोलुङ गाउँपालिका, संस्था दर्ता ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन मोलुङ गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

(३) यो ऐन मोलुङ गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले मोलुङ गाउँपालिका, संस्था दर्ता ऐन, २०७७ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले संविधानको धारा २१५ बमोजिम गठित गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ग) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(घ) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध (तदर्थ) समिति सम्झनुपर्छ ।

(छ) "गाउँपालिका" मोलुङ गाउँपालिका सम्झनुपर्छ ।

(ज) "वडा अध्यक्ष" भन्नाले मोलुङ गाउँपालिकाको सम्वन्धित वडामा निर्वाचित वडा अध्यक्ष सम्झनुपर्छ ।

(झ) "वडा समिति" भन्नाले मोलुङ गाउँपालिकाको सम्बन्धित वडाका निर्वाचित वडा समिति सम्झनुपर्छ ।

(ञ) "वडा सदस्य" भन्नाले मोलुङ गाउँपालिकाको सम्बन्धित वडाका निर्वाचित सदस्य समझनुपर्छ ।

(ट) "सदस्य" भन्नाले मोलुङ गाउँ कार्यपालिकाको सदस्य सम्झनुपर्छ र सो शब्दले कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष तथा कार्यपालिका सदस्य समेतलाई जनाउछ ।

(ठ) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्य, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, सैद्धान्तिक, खेलकुद, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवम् विस्तार गर्ने उदेश्यले स्थापना भएको गैर नाफामूलक संघ संस्था, क्लव, मण्डल, परिषद, केन्द्र आदि समझनु पर्छ ।

(ड) "स्थानीय अधिकारी" भन्नाले मोलुङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ढ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम/कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

**३. दर्ता नगरी संस्था खोल्ने नहुनेः**

(१) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना वा सञ्चालन गर्न हुदैन।

**४. संस्थाको दर्ता तथा नवीकरण**

(१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरूले संस्था सम्बन्धी देहायकै विवरण खुलाई संस्थाको एक प्रति विधान र तोकिएको दस्तुर सहित तथा यस अघि स्थापना भएका संस्थाहरु नवीकरण गर्न परेमा स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्ने ।

(क) संस्थाको नाम,

(ख) उद्धेश्यहरू,

(ग) प्रवन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालयको ठेगाना,

(च) कार्यक्षेत्र ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता तथा नवीकरण गर्न उचित ठानेमा संस्था दर्ता गरी प्रमाण पत्र दिनेछ ।

(३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता तथा नवीकरण नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले १५ दिनभित्र त्यस्तो निर्णय अध्यक्ष समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि अध्यक्षले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था गर्न मनासिव ठहरिएमा सो संस्था दर्ता तथा नवीकरण गर्ने स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता तथा नवीकरण गरिदिनु पर्नेछ ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

५. संगठित संस्था मानिनेः

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविछिन्न उतराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सवै कामको निमित आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, र वेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामवाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामवाट नालिस उजुर लाग्नेछ ।

६. संस्थाको सम्पत्ति

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राखेबाट फिर्ता लिई संस्थालाई बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाही चित्त नबुझने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखित वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा स्थानीय अधिकारीले प्रचलित कानुन बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ ।

७. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्नेः

यो ऐन प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो कानुन प्रारम्भ भएको मितिले तीन महिना भित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

८. संस्थाले उद्देश्यहरुमा हेरफेरः

(१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत् सम्वन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाइ सदस्यहरुको प्रस्तावमा समर्थन जनाएमा सो प्रास्ताव साधारण सभावाट पारित भएको मानिनेछ । सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृत लिनु पर्नेछ ।

(३) उपदफ (२) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि तीन आर्थिक वर्ष सम्म पनि नवीकरण नगर्ने संघसंस्था नवीकरण नभइ स्वतः खारेज हुनेछ ।

(४) उपदफा (३) बमोजिम खारेज भएको संस्था पुनः नवीकरण गर्न खारेज भएको मितिले तीस दिनभित्र उचित कारण सहित निवेदन दिएमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**९. हिसाव पेश गर्ने:**

प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाव विवरण मान्यता प्राप्त परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्षको आश्विन महिना भित्र पेश गर्नुपर्नेछ ।

**१०. हिसाव जाँच गर्ने:**

(१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाव आफुले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाव जाँच गराएवापत स्थानीय अधिकारीले हिसाव जाँचवाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाव जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्याद भित्र हिसाव जाँचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पति सो संस्थाका कुनै पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ । तर प्रचलित कानुनले सजाय हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

**११. निर्देशन दिने:**

गाउँ कार्यपालिकाको कार्यालयले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धि संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय:**

(१) दफा (३) बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा (७) वमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई स्थानीय अधकारीको जनही दुई हजार देखि १० हजार रुपैयासम्म जरिवना गर्न सक्नेछ ।

(२) दफा (९) बमोजिम हिसावको विवरण नपाठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही पाँच सय देखि पाँच हजार सम्म जरिवाना गर्न सक्नेछ ।

तर कुनै सदस्यले दफा (९) उलंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्वन्धि अधिकृतले मागको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्वन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँच सय देखि पाँच हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्य हेरफेर गरेमा वा अर्को संस्था सित गाभेमा वा संस्थाले आफ्नो उद्देश्य प्रतिकुल हुनेगरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदन:**

दफा (१२) बमोजिम स्थानीय अधकारीले गरेको निर्णय उपर पैतीस दिन भित्र कार्यपालिकामा पुनरावेदन लाग्नेछ ।

**१४. संस्थाको विघटन र त्यसको परिणाम:**

संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको दायित्व वाहेकका जायजेथा गाउँपालिकामा सर्नेछ ।

**१५. नियम बनाउने अधिकार:**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले नियम, कार्यविधि बनाउन सक्नेछ ।

**१६. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने:**

कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्वन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए ता पनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

**१७. खारेज र बचाउ:**

(१) संस्था रजिष्ट्रेशन ऐन, २०१६ लगायत नेपाल सरकारद्वारा संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता गरी यस गाउँपालिकाको भौगौलिक क्षेत्र कार्यक्षेत्र रही सञ्चालनमा रहेका संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ । त्यस्ता संस्थाहरुले मोलुङ गाउँपालिकामा अभिलेखीकरण गर्नुपर्नेछ ।

(२) यस ऐनमा माथि उल्लेख गरिएका व्यवस्था संघीय कानुन र प्रादेशिक कानूनसंग बाझिएको खण्डमा बाझिएको हदसम्म स्वत निष्कृय हुनेछ ।